आदिवासी जनजाति आयोग

ललितपुर

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम २०८२ साल साउन देखि असोज महिनासम्म सम्पादित कार्यहरुको विवरण:

१. निकायको स्वरुप र प्रकृतिः

नेपालको संविधानको धारा २६१ मा आदिवासी जनजाति आयोगको व्यवस्था रहेको छ। यस आयोगमा अध्यक्ष र चार जनासम्म सदस्य रहने, राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने, अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले ६ वर्षको हुने, आयोगका अध्यक्ष तथा सदस्यको योग्यता, पद रिक्त हुने अवस्था, पारिश्रमिक र सेवाका शर्तहरु र आयोगको काम कर्तव्य र अधिकार सम्वन्धि अन्य व्यवस्था संघीय कानून बमोजिम हुने व्यवस्था नेपालको संविधानमा उल्लेख गरिएको छ ।

आदिवासी जनजाति आयोग ऐन, २०७४ को प्रस्तावनामा आदिवासी जनजाति समुदायको गौरवमय इतिहाँस र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संबर्द्धन तथा आदिवासी जनजाति समुदायको सशक्तिकरण गर्नको लागि आदिवासी जनजाति आयोगको सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएको व्यहोरा उल्लेख छ।

२. निकायको काम, कर्तब्य र अधिकारः

- आदिवासी जनजाति समुदायको समग्र स्थितिको अध्ययन गरी तत् सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको हकहितको संरक्षण र संबर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र संबर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणका सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वियन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र संबद्धन तथा त्यस्तो समुदायको सशक्तिकरणका सम्बन्धमा भइरहेका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- आदिवासी जनजाति समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वियनको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने,
- आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,
- आदिवासी जनजाति समुदाय भित्र आर्थिक वा सामाजिक रुपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तिकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वियन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदाय भित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,


- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र संबर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणको लागि चेतना मुलक कार्यक्रम सञ्चालन गर्ने,
- आदिवासी जनजाति समुदायमा विधमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गर्न र आदिवासी जनजाति समुदायको सशक्तिकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रबर्धन गरी व्यवसायिक प्रयोगमा ल्याउन सहयोग गर्ने,
- आदिवासी जनजाति समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनका लागि आवश्यक सिफारिस/ सुझाव दिने,
- आदिवासी जनजाति समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सुचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको भौतिक, अभौतिक संस्कृति संरक्षण र सम्वर्द्धनका लागि जिवित सङ्ग्रहालय स्थापना र परिचालनका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजातिको उद्गमस्थलको खोज अनुसन्धान गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरूको संरक्षण र संबर्द्धन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण, संबर्द्धन र सशक्तिकरणको लागि नेपाल सरकार र अन्य संघ, संस्थाहरूले सञ्चालन गर्ने चेतनामुलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने,
- आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने,
- आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने ।

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

(१) यस आयोगको स्वीकृत दरवन्दी तेरिज निम्न बमोजिम रहेको छः

| सि.न. | पदको नाम | श्रेणी तह | सेवा | समूह | स्वीकृत दरवन्दी |
|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | प्रशासन | सामान्य प्रशासन | १ |
| २ | उप सचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | १ |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | २ |
| ४ | नायव सुब्बा | रा.प.अन. प्रथम | प्रशासन | सामान्य प्रशासन | २ |
| ५ | लेखापाल | रा.प.अन.प्रथम | प्रशासन | लेखा | १ |
| ६ | कम्प्युटर अपरेटर | रा.प.अन.प्रथम | विविध | | १ |
| ७ | हलुका सवारी चालक | श्रेणी विहिन | | | २ |
| ८ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | ३ |
| जम्मा | | | | | १३ |

(२) <u>आदिवासी जनजाति आयोगको संगठन संरचना</u>




**नोटः नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७७।०८।३० गतेको निर्णय अनुसार संशोधीत संगठन संरचना**

१. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि रहँदासम्म आवश्यक पर्ने निजी सहायकहरु (रा.प.अन. प्रथम श्रेणी सरहको) प्रत्येक पदाधिकारी/सदस्यहरुलाई १ (एक) जनाको दरले दरवन्दी रहने गरी करार सेवाबाट पदपुर्ती गरिएको ।

२. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि रहँदासम्म आवश्यक पर्ने हलुका सवारी चालक (श्रेणी विहिन) प्रत्येक पदाधिकारी/सदस्यहरुलाई १ (एक) जनाको दरले दरवन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गरिएको ।

३. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि रहँदासम्म आवश्यक पर्ने कार्यालयय सहयोगी (श्रेणी विहिन) दुइ जना सदस्यहरुलाई १ (एक) जनाको दरले दरवन्दी रहने गरी करार सेवाबाट पदपुर्ती गरिएको ।

४. स्वीपर १ जना सेवा करारमा नियुक्ति गरिएको ।

❖ आयोगको स्वीकृत संगठन संरचना अनुसार आयोगका अध्यक्ष र सदस्यको मातहतमा सचिव र सचिवको मातहतमा अन्य कर्मचारी रहने व्यवस्था छ। आदिवासी जनजाति आयोग ऐन, २०७४ बमोजिम आयोगवाट भएका निर्णय कार्यान्वयन तथा प्रचलित कानुन बमोजिमका व्यवस्थापकीय कार्यहरु सम्पादन गर्नको लागि प्रशासन,योजना तथा अनुगमन शाखा र अधिकार प्रवर्द्धन तथा सशक्तिकरण इकाई गरी २ वटा शाखा र इकाईको व्यवस्था रहेको छ। स्वीकृत दरवन्दी अनुसारका प्रत्येक कर्मचारीहरुलाई निजले सम्पादन गर्नु पर्ने कामहरुको विवरण उपलब्ध गराइएको छ।

४. आयोगबाट प्रदान गरिने सेवाः

आदिवासी जनजाति आयोगलाई मुख्य गरी आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र संबर्द्धन तथा आदिवासी जनजाति समुदायको सशक्तिकरणको लागि गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने जिम्मेवारी आदिवासी जनजाति आयोग ऐन, २०७४ ले प्रदान गरेको छ। त्यस बाहेक आदिवासी जनजाति आयोगले आदिवासी जनजाति समुदायमा प्रत्यक्ष रुपमा सेवा प्रदान गर्न सक्ने ऐनमा उल्लेख भएका विषयहरु निम्नानुसार रहेका छन:

- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र संबद्धन तथा त्यस्तो समुदायको सशक्तिकरणको लागि चेतना मुलक कार्यक्रम संचालन गर्ने
- आदिवासी जनजाति समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी व्यवसायिक प्रयोगमा ल्याउन सहयोग गर्ने,
- आदिवासी जनजाति समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण, संबर्द्धन र सशक्तिकरणको लागि नेपाल सरकार र अन्य संघ संस्थाहरुले सञ्चालन गर्ने चेतनामुलक कार्यक्रमहरुको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने,
- आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने ।

५। सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

आयोगवाट प्रदान गरिने सेवा प्रशासन, योजना तथा अनुगमन शाखा र अधिकार प्रवर्द्धन तथा सशक्तिकरण इकाई कार्यरत कर्मचारी मार्फत प्रवाह हुन्छ। यी दुवै शाखा र इकाईमा कार्यरत कर्मचारीहरु आफूलाई तोकिएको कार्य विवरण अनुसारको सेवा प्रवाह गर्न जिम्मेवार हुन्छन्।

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधीः

आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा २७ मा यो ऐन कार्यान्वयन गर्न आवश्यक नियम बनाउन सक्ने र सोही ऐनको दफा २८ मा आयोगले सम्पादन गर्नु पर्ने कामहरु सुचारु रुपले सञ्चालन गर्न वा गराउनको लागि ऐन तथा नियमको अधिनमा रही आवश्यक निर्देशिका बनाउन सक्ने उल्लेख छ। सो बमोजिम नियम तथा निर्देशिकाहरु बने पछि सोही बमोजिम सेवा प्रवाह हुनेछ।

७। निर्णय गर्ने प्रकृया र अधिकारीः

आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा १३ अनुसार आयोगले यस ऐन बमोजिम गर्नु पर्ने काम आयोगको बैठकको निर्णय बमोजिम हुनेछ। सो बाहेकका प्रशासनिक/व्यवस्थापकीय निर्णय सामान्यतया सचिवस्तरवाट सदर हुनेछ ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

आयोगको सचिव भन्दा मुनिका कर्मचारीहरु उपरको उजुरी र गुनासाहरु सचिव र सचिव सम्वन्धमा भएको उजुरी आयोगको अध्यक्ष ।

९।  सम्पादन गरेका कामको विवरण:

नेपालको संविधान, आदिवासी जनजाति आयोग ऐन, २०७४ अनुरुप यस आयोगबाट दैनिक प्रशासनिकका अतिरिक्त निम्न कार्यहरु/कार्यक्रमहरु सम्पादन भएका छन्।

- मिति २०८२ साउन ०१ गते आयोगका उपसचिवको संयोजकत्वमा कर्मचारीहरुको नियमित बैठक बसी जिन्सी निरीक्षण, खरिद इकाई, कार्य जिम्मेवारी लगायतका विषयमा छलफल तथा निर्णय गरिएको।
- मिति २०८२ साउन ०१ गते आयोगका मा. सदस्य डा. मीन बहादुर श्रीसले यूनेस्को नेपालद्वारा आयोजित आदिवासी जनजाति लक्षित अभौतिक साँस्कितक सम्पदा संरक्षण सम्बधी प्रदेशगत कार्यक्रममा सहभागिता जनाउनु भएको।
- मिति २०८२ साउन ०२ देखि ०६ सम्म आयोगका मा. सदस्य शरण राईद्वारा बेलका, रामपुर (उदयपुर) स्थित किरात राई सांस्कृतिक कलाकार संघको २० औ स्थापना दिवस यलदोङ ५०८५ को अवसरमा किरात राई सांस्कृतिक कलाकार संघ जिल्ला कार्य समिति उदयपुरले आयोजना गरेको कोशी प्रदेश स्तरीय हाजिरी जवाफ कार्यक्रममा प्रमुखको रुपमा सहभागिता भएको।
- मिति २०८२ साउन ०५ गते "Indigenous Peoples and AI: Defending Rights, Shaping Futures" नारालाई सार्थक बनाउन ३१ औ विश्व आदिवासी दिवस मिति २०८२ साउन २४ गते शनिबार (तदानुसार ९ अगस्ट २०२५) मनाउन माननीय सदस्य सुर्य बहादुर गुरुङको संयोजकत्वमा उपसचिव र शाखा अधिकृतहरु रहने गरी चार सदस्यीय समिति गठन गर्ने निर्णय भएको।
- मिति २०८२ साउन ०८ गते आयोगका मा. सदस्य सुर्य बहादुर गुरुङको अध्यक्षतामा ३१ औ विश्व आदिवासी दिवसको तयारीका लागि आदिवासी जनजाति सम्बद्ध निकायका प्रतिनिधिहरुसँग छलफल भएको।
- मिति २०८२ साउन १५ देखि १८ सम्म आयोगका मा. सदस्य रीना रानाद्वारा विस्थापित उर्मिला हायु (सिन्धुली) परिवारको कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. ३०- माथिल्लो गगनगौंडास्थित स्थलगत अनुगमन भएको।
- मिति २०८२ साउन १५ देखि २४ सम्म आयोगका मा. सदस्य शरण राईले नेपाली आदिवासी जनजाति महासंघ हङकङद्वारा आयोजित हङकङमा सम्पन्न ३१ औं विश्व आदिवासी दिवस कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी भएको।
- मिति २०८२ साउन २४ गते ३१ औं विश्व आदिवासी दिवस माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री पृथ्वी सुब्बा गुरुङको प्रमुख आतिथ्यतामा क्वालिटी ब्याङ्क्वीट, काठमाडौमा प्रतिनिधि सभाका सदस्यज्यूहरु, संवैधानिक निकायका प्रमुखज्यूहरु, नेपाल सरकारका सचिवज्यूहरु, नेपाल सरकारका सहसचिवज्यूहरु, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका उपाध्यक्ष, आदिवासी जनजाति क्षेत्रका लब्ध प्रतिष्ठित व्यक्तित्वज्यूहरु लगायतको उपस्थितिमा कृत्रिम बौद्धिकता सम्बन्धी विज्ञद्वारा कार्यपत्र प्रस्तुतिकरण गरी सम्पन्न भएको।
- मिति २०८२ साउन २४ देखि २६ सम्म आयोगका मा. सदस्य सुर्य बहादुर गुरुङ नुवाकोट, विदुर नगरपालिकामा ३१ औं विश्व आदिवासी दिवस सन्दर्भमा मूल नाराको कार्यान्वयन र विकासमा संस्थागत प्रतिनिधित्व सुनिश्चितताको जिल्लास्तरीय कार्यक्रममा सहभागी हुनु भएको।

- मिति २०८२ साउन २६ गते आयोगका अध्यक्षको अध्यक्षतामा थकाली सेवा समितिका पदाधिकारीहरुको उपस्थितिमा श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्रानुसार थासाङ थकाली सेवा समाज, केन्द्रीय समिति, टुकुचे, मुस्ताङको निवेदनका विषयमा बैठक बसी छलफल भएको।
- मिति २०८२ भदौ ०१ गते नेपालको संविधानको धारा २९४ बमोजिम आ.व. २०८१/८२ मा गरेका कामको वार्षिक प्रतिवेदन तयारी सम्बन्धमा आदिवासी जनजाति सम्बद्ध निकाय तथा सरोकारवालाहरुसँग आयोगको सिफारिसबारे छलफल कार्यक्रम सम्पन्न भएको।
- मिति २०८२ भदौ ०४ गते आयोगका अध्यक्षको अध्यक्षतामा नेवाःदेय् दबू केन्द्रिय समितिको पत्रानुसार नेवार समुदायको गाईजात्रा (सायाः/सापारु) मौलिक सांस्कृतिक परम्पराको अवसरमा विभिन्न मनोरञ्जनात्मक, हास्यव्यङ्ग्यात्मक तथा व्यवसायिक कार्यक्रमहरु सञ्चालनबाट हुने विकृति रोकथाम तथा संस्कृति संरक्षण सम्बन्धी विषयमा सांस्कृतिक संस्थान, नेपाल भाषा एकेडेमीका प्रतिनिधिहरु लगायतको उपस्थितिमा छलफल कार्यक्रम सम्पन्न भएको।
- मिति २०८२ भदौ ०८ गते आयोगका अध्यक्षको अध्यक्षतामा प्राकृतिक सम्पदा क्षेत्र बरुण नदीमा निर्माण गर्न लागिएको विद्युत आयोजना सम्बन्धमा एमपीक इनर्जी प्रा.लि. का प्रतिनिधिहरु, विद्युत विकास विभागका प्रतिनिधिहरु, हिमालय भोटे समाजका प्रतिनिधिहरु, बरुण बचाउ सरोकार समितिका प्रतिनिधिहरु लगायतको उपस्थितिमा बैठक बसी छलफल भएको।
- मिति २०८२ भदौ ०९ गते आयोगका मा. सदस्य डा. मीन बहादुर श्रीसको संयोजकत्वमा नेवाः जाति अन्तर्गत जुगि उप-जातिको आवासीय समस्याबारे उच्च अदालत पाटनको परमादेश कार्यान्वयन गर्न ४ सदस्यीय अध्ययन समिति गठन भएको।
- मिति २०८२ भदौ ०९ गते आयोगका मा. सदस्य डा. मीन बहादुर श्रीसले यूनोस्को नेपाल र बृटिस काउन्सिलद्वारा आयोजित Provisional Agenda stakeholder Forum and Dialogue: Nepal's cultural and creative industries विषयक कार्यक्रममा सहभागिता जनाउनु भएको।
- मिति २०८२ भदौ १२ गते आयोगका नेवाः जाति अन्तर्गत जुगि उप-जातिको आवासीय समस्याबारे उच्च अदालत पाटनको परमादेश कार्यान्वयन गर्न गठित समितिको बैठक बसी उजुरीको प्रकृति, कार्यविधि निर्माण, विशेषज्ञ आमन्त्रण र छलफलको लागि निवेदकलाई बोलाउने सम्बन्धमा निर्णय भएको।
- मिति २०८२ भदौ १३ गते आयोगका अध्यक्षको अध्यक्षतामा प्राकृतिक सम्पदा क्षेत्र बरुण नदीमा निर्माण गर्न लागिएको विद्युत आयोजना सम्बन्धमा आयोजनाको वातावरणीय अध्ययन सम्बन्धमा वन तथा वातावरण मन्त्रालयका सम्बन्धित पदाधिकारीहरु र बरुण नदी बचाउ संघर्ष समिति तथा अन्य सरोकारवालाहरुको उपस्थितिमा बैठक बसी छलफल भएको।
- मिति २०८२ भदौ १५ गते आयोगका अध्यक्षको अध्यक्षतामा बैठक बसी आ.व. २०८२/८३ को प्रस्तावित कार्ययोजना र आयोगको छैठौं वार्षिक प्रतिवेदन (आ. व. २०८१/८२) को तयारी सम्बन्धमा छलफल भएको।
- मिति २०८२ भदौ २० गते देखि २२ गते सम्म आयोगका मा. अध्यक्ष राम बहादुर थापामगरद्वारा नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) धादिङ जिल्ला समितिले नेपाल आदिवासी जनजाति महासंघसंगको समन्वयमा धादिङबेशी स्थित निलकण्ठ नगरपालिका-८ मा आयोजित एक दिवसीय आदिवासी जनजातिको संवैधानिक तथा कानूनी हक अधिकार सम्बन्धी अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी भई जिल्लाका आदिवासी जनजाति संघसंस्थाहरुसंग अन्तरक्रिया तथा अनुगमन कार्यक्रम सम्पन्न ।

- मिति २०८२ भदौ २१ देखि २३ गते सम्म आयोगका मा. सदस्य सुर्य बहादुर गुरुङद्वारा ईच्छाकामना गा.पा.६, कालीखोला, चितवनस्थित चेपाङ समुदायको राष्ट्रिय सांस्कृतिक पर्व न्वाँगी (छोनाम) कार्यक्रममा विशिष्ट अतिथिको रुपमा सहभागिता जनाउनु भएको।
- मिति २०८२ भदौ २२ गते आयोगका मा. सदस्य डा. मीन बहादुर श्रीसले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र सांस्कृतिक संस्थानद्वारा आयोजित अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण बिषयक अभिमुखिकरण कार्यक्रममा सहभागिता जनाउनु भएको।
- मिति २०८२ भदौ २३ गते नेवाः जाति अन्तर्गत जुगि उप-जातिको आवासीय समस्याबारे सम्बन्धित सरोकारवालाहरुसँग अन्तरक्रियात्मक कार्यक्रम भएको।
- मिति २०८२ असोज ०८ गते जेनजी आन्दोलन पश्चात अन्तरिम सरकार गठन भई संसद विघटन भएको परिस्थितिमा "संक्रमणकालिन अवस्थामा आदिवासी जनजाति अधिकारको रक्षा र प्रयोग" सम्बन्धमा पूर्व मन्त्रीहरु, कानूनविद, आदिवासी जनजाति संघसंस्थाका प्रतिनिधिहरु लगायतको उपस्थितिमा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको।
- मिति २०८२ असोज ०८ गते आयोगका मा. सदस्य डा. मीन बहादुर श्रीसले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा आयोजित ICHCAP कोरियाको आर्थिक सहयोगमा संचालन गरिएको ICH Video Production Project in South-Asia (Nepal) परियोजना समापन कार्यक्रममा सहभागिता जनाउनु भएको।
- मिति २०८२ असोज २६ गते नेपालको संविधानको धारा २९४ र आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा २२ बमोजिम आयोगले सम्पादन कार्य प्रगति समेतको आयोगको छैठौं वार्षिक प्रतिवेदन (आ. व. २०८१/८२) को लेखन तयारी पूरा भइसकेकोले स्वीकृत गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्ने निर्णय भएको।
- मिति २०८२ असोज ३१ गते आयोगको छैठौं वार्षिक प्रतिवेदन (आ. व. २०८१/८२) आयोगद्वारा सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश भएको।

## १०. प्रमुखको नाम, पद र सूचना अधिकारी

- प्रमुख सचिव श्री बुद्ध बहादुर गुरुङ मो.नं. ९८४१३२१४१९
- प्रवक्ता उपसचिव श्री विजय राना मो.नं. ९८४७५२९९०९
- सूचना अधिकारी शाखा अधिकृत श्री दयाकृष्ण ढकाल मो.नं. ९८४२६२६८१५

## ११. ऐन, नियम, बिनियम वा निर्देशिकाको सूचीः

यस आयोगको कामसंग सम्बन्धित ऐन नियम, विनियम वा निर्देशिकाको सूची निम्न अनुसार रहेको छः

- नेपालको संविधान,
- आदिवासी जनजाति आयोग ऐन, २०७४,
- निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०,
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि नियमावली, २०५५,
- सूचनाको हक सम्वन्धी ऐन, २०६४ तथा नियमावली, २०६५,

- संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी ऐन, २०५३,
- सुशासन तथा (ब्यवस्थापन तथा संचालन) ऐन, २०६४ तथा नियमावली, २०६५,
- भ्रमण खर्च नियमावली, २०६४,
- आदिवासी जनजाति आयोगका पदाधिकारी तथा कर्मचारीको आचारसंहिता, २०७९।

**१२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी अध्यावधिक विवरण:**

यस आयोगको आ.व. २०८२।८३ को लागि स्वीकृत बजेट र २०८२ असोज मसान्तसम्मको निकासा र खर्च निम्नानुसार रहेको छ:

| सि .न. | वजेट शीर्षक नं. | स्वीकृत वार्षिक वजेट रकम रु. | निकासा भएको रकम रु. | खर्च भएको रकम रु. | बाँकी रहेको रकम रु. |
|---|---|---|---|---|---|
| १ | ३२८०००११३ चालु | ३,०७,००,०००.००।- | ५१,०३,०५३.१०।- | ५३,९०,१९१.०६।- | २,५३,०९,८०८.९४।- |
| २ | ३२८०००११४ पूँजिगत | २१,००,०००।- | ०.००।- | ०.००।- | २१,००,०००।- |
| ३ | ३२८००००१३ चालु | ८१,००,०००।- | १६,०६,९८५.६०।- | २२,१२,६३६.९०।- | ५८,८७,३६३.१०।- |
| जम्मा: | | ४,०९,००,०००.०।- | ६७,१०,०३८.७।- | ७६,०२,८२७.९६।- | ३,३२,९७,१७२.००।- |

**१३. तोकिए बमोजिमको अन्य विवरण:**

आयोगले पञ्चवर्षिय रणनीतिक योजना अनुसार बजेट तथा कार्यक्रम बनाई कार्यान्वयन गर्दै आएको छ। आयोगमा परेका उजुरीहरु समाधानका लागि आवश्यकता अनुसार अध्ययन कार्यदल गठन गरी प्राप्त सुझावका आधारमा नेपाल सरकारलाई सिफारिस गर्ने गर्छ।

**१४. अघिल्लो आर्थिक वर्षमा सार्वजानिक निकायले,,कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण:**

आदिवासी जनजातिमा राई जातिको उद्‌म स्थल/थातथलो पहिचान सम्बन्धी अध्ययन, आदिवासी जनजातिमा तामाङ जातिको उद्‌म स्थल/थातथलो पहिचान सम्बन्धी अध्ययन, आदिवासी जनजातिमा सन्थाल जातिको उद्‌म स्थल/थातथलो पहिचान सम्बन्धी अध्ययन, निजामती सेवामा आदिवासी जनजातिको आरक्षणको अवस्थाको अध्ययन र विश्लेषण सम्बन्धी अध्ययन, सूचीकृत आदिवासी जनजाति समुदायको थर एवं आदिवासी जनजाति ज्ञान सम्मेलन लगायतका अन्तरक्रिया र अनुगमनका कार्यक्रम सम्पन्न।

**१५. सार्वजनिक निकायको वेभसाइट भए सोको विवरण:**

यस आयोगको वेभसाइट www.inc.gov.np रहेको छ।

आदिवासी जनजाति आयोग

१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरण:

यस आर्थिक वर्षको साउन देखि असोज महिनासम्म नभएको।

१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:

विश्व आदिवासी दिवस कार्यक्रम सम्पन्न भएको र आयोगको छैठौं वार्षिक प्रतिवेदन (आ.व. २०८१/८२) आयोगद्वारा सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश भएको।

१८. सार्वजानिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी:

आयोगले वर्गिकरण गरेको छैन।

१९. सार्वजानिक निकायमा परेका सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिइएका विषय:

आदिवासी जनजाति समुदायमध्ये नेवारभित्र पर्ने जुगि जातिको आवासीय अधिकारका विषयमा माग दाबी सहितको रुक्सना कपालीज्यूले तयार गरी श्वेतपत्र पठाउनु भएको र सो सम्बन्धमा उच्च अदालत पाटनबाट जारी भएको परमादेशको कार्यान्वयनका लागि जुगि जातिको आवासीय समस्याबारे अध्ययन गर्न आयोगस्तरमा एक अध्ययन समिति गठन भएको।

२०. सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण:

सरोकारवालालाई जानकारी दिन आवश्यक सूचनाहरु आयोगको वेभसाइट www.inc.gov.np मा राखे गरिएको छ।

आदिवासी जनजाति आयोग